# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड - ८ राजापुर, पौष २६ गते २०८२ साल संख्या - ५

# भाग २

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८२।०९।२५ गते पारित भई नगर प्रमुखबाट मिति २०८२ पौष २६ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# निशुल्क शिक्षा सञ्चालन कार्यविधी

## आर्थिक वर्ष २०८२।८३

### प्रस्तावनाः

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ क्रम संख्या ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा रहेको शिक्षा सम्बन्धी कार्यक्षेत्रलाई कार्यान्वयन गर्न राजापुर नगरपालिका भित्रका सामुदायिक विद्यालय (बालविकास देखि कक्षा १२ सम्म) पूर्ण निशुल्क शिक्षा संचालन गर्नका लागि स्पष्ट कानूनी व्यवस्था गर्न वाञ्छनिय रहेकोले, राजापुर नगरपालिकामा "निशुल्क शिक्षा संचालन सम्बन्धी कार्यविधी, २०८२" तयार गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम "निशुल्क शिक्षा संचालन कार्यविधी, २०८२" रहेको छ ।

(२) यो कार्यविधी राजापुर नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको राजापुर नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले राजापुर नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ग) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको लगानी वा अनुदानमा सञ्चालित विद्यालय सम्झनुपर्दछ र नेपाल सरकार,

प्रदेश सरकार र स्थानीय सरकारबाट नियमित अनुदान पाउने गरि अनुमति वा स्वीकृति पाउने विद्यालय सम्झनु पर्छ।

(घ) "निशुल्क शिक्षा" भन्नाले सामुदायिक विद्यालयको बालविकास देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुबाट प्रदेश र संघीय सरकारको राजस्व बाहेक कुनै पनि किसिमको शुल्क नलिई अर्थात संघ, प्रदेश र स्थानीय तहबाट अनुदान प्राप्त भई संचालित शिक्षा बुझ्नु पर्दछ।

(ङ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गर्ने प्रारम्भिक बालविकास कक्षा देखि माध्यमिक तहसम्मका अध्यापक सम्झनु पर्छ सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(च) “प्रधानाध्यापक” भन्नाले विद्यालयको नेतृत्व वहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुह कार्यकारी पदाधिकारीलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## विद्यालयले पालना गर्नु पर्ने सर्त तथा बन्देज

**३. विद्यालयले पालना गर्नु पर्ने सर्त तथा बन्देजहरु देहाय बमोजिम हुनेछन्:**

(क) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत पाठयक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने।

(ख) राजापुर नगरपालिकाको नगर शिक्षा समितिको पुर्व स्वीकृति लिएर मात्र थप पाठ्यपुस्तक लागू गर्नु पर्ने।

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने।

(घ) विद्यालयमा बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री वातावरण सृजना गर्नु पर्ने।

(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु पर्ने,

(च) यस कार्यविधी बमोजिम आयव्ययको लेखा राख्नु पर्ने,

(छ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नु पर्ने,

(ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैंगिक, सामजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

(झ) बालविकास देखि कक्षा १२ सम्म पूर्ण रुपमा शुल्क रहित विद्यालय बनाउने,

(ञ) विद्यालयको सामाजिक परीक्षण र लेखा परीक्षण तोकिएको समयमा नै गराउनु पर्ने।

(ट) IEMIS मा वास्तविक र सम्पूर्ण तथ्याङ्क र विवरणहरु प्रविष्ट गरी समयसमयमा अध्यावधिक गर्नुपर्ने।

(ठ) तोकिएको समयमा विद्यालयको सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण गरिएको हुनुपर्ने।

**परिच्छेद-३**

# ४. कार्यक्रमगत शिर्षकहरु

## ४.१ कक्षा ११ र १२ मा निशुल्क शिक्षण अनुदान ( शिक्षक तलब र परीक्षा खर्च )

यस शिर्षक अन्तर्गत विनियोजन भएको रकम तपशिल बमोजिम खर्च गरीने छ।

- माध्यमिक तह ११-१२ वा ९-१२ मा नियुक्त भएका नगर शिक्षकहरुलाई प्रति महिना रु ३२५०० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाक भत्तामा।
- माध्यमिक तह (९-१२) मा प्रति ४० विद्यार्थी बराबर एक जना शिक्षक दरबन्दीको व्यवस्था गरिनेछ।

- माध्यमिक (११-१२) मा गणित, विज्ञान, अग्रेजी र लेखा विषयको शिक्षक अभाव भई विद्यार्थीहरुको पठनपाठन अवरोध हुने अवस्था भएमा विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयानुसार तोकिएको योग्यता भएको शिक्षकलाई पार्टटाइम शिक्षकको रुपमा कामकाजमा लगाउन सक्नेछ। माध्यमिक तह (११-१२) को हकमा प्रति कार्यघण्टा हाजिर भएको दिनको रु ३०० का दरले रकम निकाशा गरिनेछ। यस अन्तर्गत कक्षा ११-१२ मा पार्टटाइममा अध्यापन गर्ने सम्पूर्ण शिक्षकहरुलाई पनि यसै अनुसार रकम निकाशा गरिनेछ।
- कक्षा ११-१२ को हकमा प्रति सङ्काय कम्तीमा ४० जना र प्रति विषय कम्तीमा २० जना विद्यार्थी भएमा मात्र पार्टटाइममा शिक्षक राख्न पाइने छ। तर गणित, विज्ञान तथा अन्य कुनै विषयमा तोकिएको विद्यार्थी नभएमा नगर शिक्षा समितिले निर्णय गरी त्यस्तो विषय वा संकाय पठनपाठन गराउन सक्नेछ।
- कक्षा ११-१२ मा हुने आन्तरिक परीक्षा र कक्षा ११ को अन्तिम परीक्षामा मा राष्ट्रिय परीक्षा बोर्डको नियमानुसार निकाशा गरिने छ ।

## ४.२ नगर अनुदान शिक्षक र कर्मचारीहरुको तलबभत्ता, चाडपर्ब खर्च र पोशाख खर्च र बाल विकास शिक्षक, विद्यालय कर्मचारी,सामाजिक सिकाई केन्द्र परिचालक र शिशु स्याहार केन्द्रको परिचालकहरुको पालिका थप तलबभत्ता

यस शिर्षक अन्तर्गत विनियोजित भएको रकम विद्यालयको कक्षा संचालन तथा शिक्षण सिकाई सहजिकरण व्यवस्थित गर्नका तहगत र विषयगत शिक्षक दरवन्दी अभाव भइ नगर अनुदान कोटामा कार्यरत शिक्षक कर्मचारीहरु र योग्यता पुगेका

कार्यरत मौजुदा नीजि श्रोतका शिक्षकहरुलाई नगरकार्यपालिकाले आवश्यकतानुसार नगरपालिका भित्रका सामुदायिक विद्यालय र थप आवश्यक रहेको शिक्षक व्यवस्थापनमा खर्च गरिनेछ ।

यस शिर्षक अन्तर्गत विनियोजित अनुदान रकम नगर अनुदान शिक्षक र कर्मचारीहरुको तलबभत्ता, चाडपर्ब खर्च र पोशाख खर्च र बाल विकास शिक्षक, विद्यालय कर्मचारी, सामाजिक सिकाई केन्द्र परिचालक र शिशु स्याहार केन्द्रको परिचालकहरुको पालिकाबाट थप तलबभत्तामा खर्च गर्ने सकिने छ।

तपशिलः

- माध्यमिक तह ९-१० मा कार्यरत प्रति शिक्षक प्रति महिना रु ३०९०० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाक भत्तामा।
- आधारभूत तह ६-८ मा कार्यरत प्रति शिक्षक प्रति महिना रु २८६०० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाक भत्तामा।
- आधारभूत तह १-५ मा कार्यरत प्रति शिक्षक प्रति महिना रु २५१५० का चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाक भत्तामा।
- कम्प्युटर शिक्षकको प्रति शिक्षक प्रति महिना रु २६३०० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाक भत्तामा।
- बाल विकास शिक्षकहरुको थप अनुदान प्रति शिक्षक प्रति महिना रु ८०५० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब।
- विद्यालयमा कार्यरत लेखापालहरुको थप अनुदान प्रति लेखापाल प्रति महिना रु ८०५० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब ।

- विद्यालय सहयोगीहरुको थप अनुदान प्रति सहयोगी प्रति महिना रु ८०५० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब ।
- नगरपालिकाबाट मात्र तलबभत्ता पाउनेगरी नियुक्त भएका विद्यालय सहयोगीहरुको प्रति महिना रु १६०५० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाक भत्ता।
- सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालकहरुको थप अनुदान प्रति परिचालक प्रति महिना रु १४००० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाक भत्ता।
- नगरपालिकाबाट मात्र तलबभत्ता पाउने गरी सञ्चालन भएका बाल विकास केन्द्रमा कार्यरत बाल विकास शिक्षकहरुको प्रति शिक्षक प्रति महिना रु १७००० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाक भत्तामा।
- शिशु स्याहार केन्द्रमा कार्यरत परिचालकहरुको प्रति परिचालक प्रति महिना रु ८००० का दरले चाडपर्व खर्चसहित १३ महिनाको तलब र रु १०००० का दरले पोशाख भत्ता।
- सामुदायिक विद्यालयमा माध्यमिक (९-१०) मा गणित, विज्ञान र लेखा विषयको शिक्षक अभाव भई विद्यार्थीहरुको पठनपाठन अवरोध हुने अवस्था भएमा पालिकाबाट अनुमती लिई विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयानुसार तोकिएको योग्यता भएको शिक्षकलाई पार्टटाइम शिक्षकको रुपमा कामकाजमा लगाउन सक्नेछ। त्यसरी कामकाज गर्ने शिक्षकहरुलाई माध्यमिक तह (९-१०) को हकमा प्रति कार्यघण्टा हाजिर भएको दिनको रु २५० का दरले रकम निकाशा गरिनेछ।

यस शिर्षकको अनुदान रकम माग गर्दा विद्यालय / बाल विकास केन्द्र र शिशुस्याहार केन्द्रले तपशिल बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

- नगर अनुदान शिक्षक, बाल विकास शिक्षक, विद्यालय कर्मचारी, सामुदायिक सिकाई केन्द्र परिचालक र शिशु स्याहार केन्द्र परिचालकको शैक्षिक क्यालेन्डर मा तोकिएको समयभित्र छुट्टाछुट्टै तलबी मागफारम
- तलवी मागफारममा समावेश गर्नपर्ने कागजातहरु

१. तलबी मागफारम

२. नगर अनुदान शिक्षकको अध्यापन गर्ने कक्षा, विषय र पाठ्यघण्टा र अन्य जिम्मेवारी दिएको विवरण

३. शिक्षक कर्मचारीको हाजिरी

४. सामाजिक सुरक्षा कर र अन्य करकट्टी गरेको बैङ्कको भौचर

५. शिक्षक कर्मचारीले तलब पाएको बैङ्क ट्रान्सफर भौचर

६. नयाँ शिक्षक कर्मचारीको हकमा नियुक्तिपत्र र हाजिरी भएको पत्रको प्रतिलिपी।

७. अवकाश भएका शिक्षक कर्मचारीको हकमा राजिनामा पत्रको प्रतिलिपी।

## ४.३ उत्कृष्ट प्र.अ, शिक्षक र विद्यार्थीहरुलाई पुरस्कार

यस शिर्षक अन्तर्गत विनियोजन भएको रकम उत्कृष्ट प्र.अ., शिक्षक र विद्यार्थीहरुलाई पुरस्कारवापत दिइने रकम, प्रमाणपत्रमा र पुरस्कार वितरण कार्यक्रममा लाग्ने खर्चमा नियमानुसार खर्च गर्न सकिने छ।

**उत्कृष्ट प्रधानाध्यापक र शिक्षक छनोटका आधारहरु**

१. माध्यमिक तहमा उत्कृष्ट प्रधानाध्यापक र शिक्षक छनौटका लागि कक्षा १० सम्म सञ्चालित विद्यालयको IEMIS मा कम्तीमा ४०० जना र १२ सम्म

सञ्चालित विद्यालयको IEMIS मा कम्तीमा ४८० जना विद्यार्थी हुनुपर्नेछ। विद्यालयको सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण तोकिएको समयमा सम्पन्न भइ SEE परीक्षामा कम्तीमा ५० जना विद्यार्थी सहभागी गराई कम्तीमा ७५ प्रतिसतसहित सबैभन्दा बढी प्रतिशत विद्यार्थीलाई उत्तिर्ण गराउन सफल सामुदायिक विद्यालयको प्रधानाध्यापक र सोही विद्यालयमा कक्षा १० मा अध्यापन गराउने विषय शिक्षकहरुलाई छनौट गरिने छ।

२. आधारभूत तहमा उत्कृष्ट प्रधानाध्यापक छनौटका लागि कक्षा ८ सम्म सञ्चालित विद्यालयको IEMIS मा कम्तीमा २४० जना विद्यार्थी हुनुपर्नेछ। विद्यालयको सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण तोकिएको समयमा सम्पन्न भइ BEE परीक्षामा कम्तीमा ५० जना विद्यार्थी सहभागी गराई कम्तीमा ७५ प्रतिशत सहित सबैभन्दा बढी प्रतिशत विद्यार्थीलाई उत्तिर्ण गराउन सफल सामुदायिक विद्यालयको प्रधानाध्यापक र सम्बन्धित विद्यालयको कक्षा ८ मा अध्यापन गराउने शिक्षकहरुलाई छनौट गरिने छ।

३. आधारभूत तह ( १-५ ) तहमा उत्कृष्ट प्रधानाध्यापक छनौटका लागि कक्षा ५ सम्म सञ्चालित विद्यालयको IEMIS मा कम्तीमा १०० जना विद्यार्थी हुन पर्नेछ। विद्यालयको सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण तोकिएको समयमा सम्पन्न भइ कक्षा ५ को परीक्षामा कम्तीमा ५० जना विद्यार्थी सहभागी गराई कम्तीमा ७५ प्रतिशतसहित सबैभन्दा बढी प्रतिशत विद्यार्थीलाई उत्तिर्ण गराउन सफल सामुदायिक विद्यालयको प्रधानाध्यापक र सोही विद्यालयका कक्षा ५ मा अध्यापन गराउने शिक्षकहरुलाई छनौट गरिने छ।

४. उत्कृष्ट प्रधानाध्यापकलाई रु १५००० नगद र प्रमाणपत्र सहित सम्मान गरिने छ।

५. उत्कृष्ट विषय शिक्षकहरुलाई रु ८००० नगद र प्रमाणपत्र सहित सम्मान गरिने छ।

**उत्कृष्ट विद्यार्थी छनोटका आधारहरु**

१. सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १० को SEE र कक्षा ८ को BEE परीक्षामा मा ४.० GPA प्राप्त गर्ने विद्यार्थीहरुलाई रु २०, ००० र प्रमाणपत्र ४.० GPA प्राप्त गर्ने विद्यार्थी नभएमा सामुदायिक विद्यालयतर्फ कक्षा १० को SEE र कक्षा ८ को BEE परीक्षामा प्रथम स्थान हासिल विद्यार्थीलाई रु ८००० र प्रमाणपत्र, नगर द्धितिय स्थान हासिल गर्ने विद्यार्थीलाई रु ६००० र प्रमाणपत्र र नगर तृतिय स्थान हासिल गर्ने विद्यार्थीलाई रु ४००० र प्रमाणपत्रसहित सम्मान गरिने छ।

२. सामुदायिक विद्यालयतर्फ कक्षा ५ को परीक्षामा ४.० GPA प्राप्त गर्ने विद्यार्थीहरुलाई रु ५००० र ४.० GPA प्राप्त गर्ने विद्यार्थी नभएमा कक्षा ५ को परीक्षामा प्रथम स्थान हासिल विद्यार्थीलाई रु ४००० र प्रमाणपत्र, नगर द्धितिय स्थान हासिल गर्ने विद्यार्थीलाई रु ३००० र प्रमाणपत्र र नगर तृतिय स्थान हासिल गर्ने विद्यार्थीलाई रु २००० र प्रमाणपत्रसहित सम्मान गरिने छ।

## ८. विषयगत र तहगत शिक्षक अन्तर्किया, शिक्षक अभिभावक संघ र वि.व्य.स अन्तर्किया

यस शिर्षक अन्तर्गत विनियोजन भएको रकम विषयगत र तहगत शिक्षक, शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँगको अन्तर्क्रिया कार्यक्रममा खाजा, स्टेश्नरी र सहभागी भत्तामा खर्च गर्न सकिने छ।

## ४.४ विद्यालयहरुमा हुने परीक्षा सञ्चालन र व्यवस्थापन

यस शिर्षक अन्तर्गत विनियोजित भएको रकम विद्यालयहरुले प्रथम त्रैमासिक, अर्धबार्षिक र बार्षिक परीक्षा सञ्चालन गर्दा तपशिल बमोजिमको खर्चको विल भर्पाईको आधारमा भुक्तानी दिइनेछ।

तपशिलः

- प्रश्नपत्र छपाईका लागि प्रयोग हुने फोटोकपी पेपर खरिदमा ।
- प्रश्न पत्र छपाई खर्च।
- उत्तरपुस्तिका खरिदमा।
- स्टेश्नरी सामग्रीमा।
- प्रथम, द्धितिय र तृतिय स्थान प्राप्त गर्ने विद्यार्थीहरुलाई पुरस्कार वितरण कार्यमा।
- कक्षा ५ को नगरस्तरीय परीक्षा समितिको बैठक भत्ता, अतिरिक्त समय काम गरेको पारिश्रमिक, प्रश्नपत्र निर्माण र छपाई, उत्तरपुस्तिका र अन्य स्टेशनरी सामग्रीको खरिद कार्यमा।
- परीक्षा अनुगमन कार्यमा।
- नतिजाको तयारी, विश्लेषण र प्रकाशनमा।

माथिका शिर्षकहरुमा निकाशा दिदा विद्यालयहरुलाई प्रथम त्रैमासिक र अर्धबार्षिक परीक्षा दुबैको परीक्षामा सहभागी प्रति विद्‌थार्थी रु १०० र बार्षिक परीक्षाको प्रति विद्यार्थी रु ८० का दरले हुन आउने रकममा नबढ्ने गरी रकम निकाशा गर्न सकिने छ।तर कुनै पनि विद्यालयलाई न्युनतम रु ५००० भन्दा कम नहुने गरी निकाशा दिइनेछ।

## ४.५ विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन

यस शिर्षक अन्तर्गत विनियोजित भएको रकम विद्यालयले शैक्षिक क्यालेण्डरमा तोकेको दिनमा वा अन्य कुनै दिवसका दिन सञ्चालन हुने अतिरिक्त क्रियाकलाप र सहक्रियाकलाप गर्दा आवश्यक पर्ने तर विद्यालयमा उपलब्ध नभएका सामग्री खरिद र त्यस्ता क्रियाकलापमा प्रथम, द्धितिय र तृतिय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कार वितरण गरेको विल/भर्पाई र अतिरिक्त क्रियाकलाप र सहक्रियाकलाप सञ्चालन गरेको पुष्टी गर्ने अन्य कागजातका आधारमा विद्यालयलाई बढिमा तपशिल बमोजिम निकासा दिइनेछ।

तपशिलः

| क्र.सं | विद्यालय | निकासा हुने रकम |
|---|---|---|
| १ | कक्षा ५ सम्म सञ्चालित | प्रति विद्यालय रु १५००० |
| २ | कक्षा ८ सम्म सञ्चालित | प्रति विद्यालय रु २०००० |
| ३ | कक्षा १० सम्म सञ्चालित | प्रति विद्यालय रु २५००० |
| ४ | कक्षा १-१२ सम्म सञ्चालित | प्रति विद्यालय रु ३५००० |

यस शिर्षक अन्तर्गतको अनुदान रकमका लागि विद्यालयले तपशिल बमोजिमका कागजातहरु पेश गर्नुपर्ने छ।

- विद्यालय तह अतिरिक्त / सहक्रियाकलापको बार्षिक प्रतिवेदन ।
- अतिरिक्त / सहक्रियाकलापकालागि वि.व्य.स. वा स्टाफ बैठकको निर्णयको प्रतिलिपी।
- सहभागी विद्यार्थीहरुको हाजिरी।

- विजेता विद्यार्थीहरुलाई वितरण गरेको पुरस्कार र अन्य महत्वपुर्ण सामग्रीको खरिदका लागि खरिद आदेश र दाखिला प्रतिवेदनको प्रतिलिपी।
- विजेता विद्यार्थीहरुलाई वितरण गरेको पुरस्कारको खरिदको विल र भर्पाई।
- अतिरिक्त / सहक्रियाकलाप सञ्चालन र पुरस्कार वितरण गरेको भर्पाई।
- अतिरिक्त / सहक्रियाकलाप सञ्चालन र पुरस्कार वितरणको फोटोहरु।

विद्यालयहरुले अतिरिक्त / सहक्रियाकलाप गर्दा क्रियाकलापहरु नदोहोरिने गरि सञ्चालन गर्नुपर्नेछ। अतिरिक्त / सहक्रियाकलाप सञ्चालन गर्दा विद्यालयमा उपलब्ध नभएका र नभइनहुने सामग्री मात्र खरिद गर्न र पुरस्कार वितरण कम खर्चिलो हुने वितरण गर्न सक्नेछन्।

## ४.६ विद्यालयहरुको विद्धुत महशुल

यस शिर्षक अन्तर्गत विनियोजन भएको रकम विद्यालय तथा सामुदायिक बाल विकास केन्द्रको विद्युत रिडिङ गरेको र विद्युत महसुल तिरेको भौचरको आधारमा निकाशा गर्नु पर्नेछ।

यस शिर्षक अन्तर्गतको अनुदान रकमका लागि विद्यालयले तपशिल बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्ने छ।

- विद्यालयको पत्र।
- विद्धुत प्राविधिकरणबाट मिटर रिडिङ गरेको भौचरको प्रतिलिपी।
- विद्युत महसुल तिरेको सक्कल विल।

**४.७ कक्षा ८ को नगरस्तरीय वार्षिक परीक्षा र ग्रेड वृद्धि परीक्षा सञ्चालन र व्यवस्थापन**

यस शिर्षक अनुसार विनियोजन भएको रकम तपशिल बमोजिम खर्च गर्न सकिनेछ।

- कक्षा ८ को वार्षिक परीक्षा र ग्रेड वृद्धि परीक्षाको प्रश्नपत्र निर्माण, मोडेरेशन, रुजु, गर्ने जनशक्तिको पारिश्रमिक तथा छपाई गर्ने कार्यमा।
- उत्तरपुस्तिका तथा अन्य स्टेशनरि सामग्री खरिदमा।
- परीक्षा केन्द्रमा र परिक्षाको समग्र कार्यमा खटिने जनशक्तिको खाजा/खाना तथा पारिश्रमिकमा।
- उत्तरपुस्तिका परिक्षण, कोडिङ, डिकोडिङ तथा अन्य व्यवस्थापनमा।
- नतिजा तयारी, विश्लेषण कार्यमा।
- ग्रेडसिट छपाई कार्यमा।
- परीक्षा समितिको बैठकमा।
- परीक्षाको अनुगमन कार्यमा।

**४.८ नगर शिक्षक र विद्यालय कर्मचारी परीक्षा व्यवस्थापन खर्च**

यस शिर्षक अन्तर्गत विनियोजन भएको रकम लोक सेवा आयोगको परीक्षा सञ्चालन सम्बन्धि कार्यविधि बमोजिम खर्च गरिने छ।

**४.९ सामुदायिक विद्यालय प्रधानाध्यापक प्रोत्साहन भत्ता**

सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुलाई तपशिल बमोजिम प्रधानाध्यापक प्रोत्साहन भत्ता निकाशा गरीने छ।

माध्यमिक तहमा कार्यरत प्रधानाध्यापकहरुलाई प्रति महिना रु १५०० का दरले १२ महिनाको।

आधारभूत (१-८) मा कार्यरत प्रधानाध्यापकहरुलाई प्रति महिना रु १२०० का दरले १२ महिनाको।

आधारभूत (१-५) मा कार्यरत प्रधानाध्यापकहरुलाई प्रति महिना रु १००० का दरले १२ महिनाको।

### ४.१० सामुदायिक विद्यालयलाई मेयर कप तयारी खर्च

मेयर कप तथा पालिकास्तरीय राष्टपति रनिङ शिल्डमा सामुदायिक आधारभूत विद्यालयतर्फ कम्तीमा १२ जना विद्यार्थी र माध्यमिक विद्यालयतर्फ कम्तीमा ३० जना विद्यार्थी सहभागी गराउने विद्यालयलाई तपशिल बमोजिम अनुदान रकम निकाशा गरिने छ।

मार्चपासमा मात्र सहभागी विद्यालयलाई रु २००००।

सामुदायिक आधारभूत विद्यालयलाई रु ३५,०००।र

सामुदायिक माध्यमिक विद्यालयलाई रु ७०,०००।

यस शिर्षक अन्तर्गतको रकम विद्यालयले मेयर कपमा सहभागी विद्यार्थीको ग्रेम ड्रेस, मेयर कप सञ्चालन र तयारीको समयमा खाना र खाजा, आवश्यक खेलकुद सामग्री खरिद गर्नमा खर्च गरी त्यसको शोधभर्ना फाइल शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य पेश गर्नु पर्नेछ।

## ५. अनुदान निकासा प्रक्रिया

(क) माध्यमिक तह ११-१२ शिक्षक अनुदान रकम, नगर अनुदान शिक्षक र थप अनुदान प्राप्त गर्ने शिक्षक कर्मचारीको अनुदान रकम र नगरपालिकाबाट सञ्चालित वालविकास केन्द्र र सामुदायिक परिचालको थप अनुदान रकम त्रैमासिक रुपमा निकासा गरिनेछ।

(ग) विद्यालय तह अतिरिक्त क्रियाकलाप अन्तर्गतको विनियोजित रकम चोथो त्रैमासिकमा निकासा गरिने छ।

(घ) विद्धुत शुल्क तथा मर्मत अन्तर्गतको रकम विद्यालयले पेश गरेको विलको आधारमा दोस्रो त्रैमासिक र अन्तिम त्रैमासिकमा निकासा गरिने छ।

(ङ) परीक्षा सञ्चालन तथा व्यवस्थापनमा विनियोजित रकम अर्धवार्षिक र वार्षिक परिक्षा समाप्त भएको १ महिनाभित्र निकाशा गरिने छ।

(च) विद्यालयबाट अघिल्लो त्रैमासिक निकासा रकमको प्रतिवेदन पेश भएमा मात्र अर्को निकासा गरिनेछ ।

## ६. विद्यालयमा प्राप्त अनुदान खर्च गर्ने प्रक्रिया

(क) विद्यालयले नगरपालिकाबाट प्राप्त गर्ने अनुदानलाई अनिवार्य रुपमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च लेख्नु पर्नेछ ।

(ख) विद्यालयले अनिवार्यरुपमा जुन शिर्षकमा रकम निकाशा भएको हो सोही शिर्षकमा रकम खर्च गर्नुपर्नेछ।

(घ) विद्यालयले यस कार्यविधी बमोजिम रकम खर्च नगरेको पाईएमा अनुदान रकम रोक्का गर्न सकिनेछ ।

## ७. प्रतिवेदन पेश गर्नुपर्ने

विद्यालयले नगरपालिकाबाट प्राप्त अनुदानको खर्च विवरण त्रैमासिक रुपमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गरी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## ८. कार्यविधीको व्याख्या तथा संशोधन

यस कार्यविधीमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा प्रचलित कानून बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै कार्यविधी संशोधन आवश्यक भएमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## ९)खारेजी र बचाउ

क) निशुल्क शिक्षा कार्यविधि २०७९ खारेज गरिएको छ।

ख) निशुल्क शिक्षा कार्यविधि २०७९ बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ।

आज्ञाले
प्रमुख प्रशासकिय अधिकृत